# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, नेपाल, चैत २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ३१

## भाग १

### बागमती प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७८ सालको अध्यादेश नं. ५**

**<u>मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश</u>**

**<u>प्रस्तावना</u>**ः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यो अध्यादेशको नाम “मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश, २०७८” रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधन</u>:** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अस्पताल" भन्नाले दफा १५ को उपदफा (१) बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ ।"

(२) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(३) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

"(ण१) "सङ्काय" भन्नाले प्रतिष्ठानमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको मूल विधा सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को खण्ड (घ) झिकिएको छ।

४. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को उपदफा (२) कोः-

(१) खण्ड (च) पछि देहाय खण्ड (च१), (च२) र (च३) थपिएका छन्ः-

"(च१) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च२) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च३) सचिव, मन्त्रालय -सदस्य"

(२) खण्ड (ण) पछि देहाय खण्ड (त), (थ) र (द) थपिएका छन्ः-

"(त) प्रतिष्ठानसँग आबद्ध अस्पतालका निर्देशक वा प्रमुख मेडिकल सुपरिन्टेन्डेन्टहरू मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले मनोनयन गरेको एक जना -सदस्य

(थ) चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(द) रजिष्ट्रार -सदस्य"

५. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>**: मूल ऐनको दफा ८ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रतिष्ठानको नियम स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,"

६. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>**: मूल ऐनको दफा ९ को उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) निर्देशक -सदस्य"

७. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>**: मूल ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ज) पछि देहायका खण्ड (ज१), (ज२) र (ज३) थपिएका छन्ः-

"(ज१) निर्देशक, स्वास्थ्य तालिम केन्द्र -सदस्य

(ज२) निर्देशक, जनस्वास्थ्य प्रयोगशाला -सदस्य

(ज३) निर्देशक, अस्पताल -सदस्य"

८. **<u>मूल ऐनमा दफा १४क थप</u>**: मूल ऐनको दफा १४ पछि देहायको दफा १४क थपिएको छः-

"**१४क. <u>शैक्षिक कार्यक्रम सञ्चालन गर्ने</u>**: (१) प्रतिष्ठानले आफ्नो अस्पताल तयार नभएसम्मका लागि मन्त्रालयको सहमतिमा देहायको स्वास्थ्य संस्थासँग सम्झौता गरी देहायको कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) हेटौंडा अस्पताल, हेटौंडामा स्नातक तथा स्नातकोत्तर शिक्षण कार्यक्रम अन्तर्गतका अध्ययन, अनुसन्धान र प्रयोगात्मक अभ्यास समेतका प्राज्ञिक कार्यक्रम,

(ख) भरतपुर अस्पताल, चितवनमा स्नातकोत्तर शिक्षण कार्यक्रम अन्तर्गतका अध्ययन, अनुसन्धान र प्रयोगात्मक अभ्यास समेतका प्राज्ञिक कार्यक्रम।

(२) उपदफा (१) मा उल्लिखित स्वास्थ्य संस्थाको अतिरिक्त प्रतिष्ठानले मन्त्रालयको सहमति लिई नेपाल सरकार वा प्रदेश सरकार मातहत रहेका अन्य कुनै स्वास्थ्य संस्थासँग सम्झौता गरी अध्ययन, अनुसन्धान र प्रयोगात्मक अभ्यास समेतका प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको स्वास्थ्य संस्था वा उपदफा (२) बमोजिम नेपाल सरकार मातहत रहेको अन्य कुनै स्वास्थ्य संस्थासँग सम्झौता गरी अध्ययन, अनुसन्धान र प्रयोगात्मक अभ्यास समेतका प्राज्ञिक कार्यक्रम सञ्चालन गर्दा प्रतिष्ठानले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समेत सहमति लिनु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को उपदफा (२) झिकिएको छ।

१०. **<u>मूल ऐनको दफा १७ मा संशोधन</u>** : मूल ऐनको दफा १७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) मन्त्रालयको मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।"

११. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>**ः मूल ऐनको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।"

१२. **मूल ऐनको दफा २१ मा संशोधन**: मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रतिष्ठानको प्रत्येक सङ्कायको सङ्काय प्रमुख भई काम गर्नको लागि डीन रहने छ र सम्बन्धित सङ्कायका प्राध्यापकहरू मध्येबाट कार्यकारी परिषद्ले सिफारिस गरेको प्राध्यापकलाई उपकुलपतिले डीनमा नियुक्ति गर्नेछ।"

१३. **मूल ऐनको दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) निर्देशकको पदावधि चार वर्षको हुनेछ।"

१४. **मूल ऐनको दफा २५ मा संशोधन**: मूल ऐनको दफा २५ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१५. **मूल ऐनको दफा ३२ मा संशोधन**: मूल ऐनको दफा ३२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) प्रतिष्ठानले प्रदेश स्वास्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीको वृत्ति विकासका लागि आवश्यक शैक्षिक उपाधि प्राप्त गर्नका लागि विद्यार्थी भर्नामा निश्चित प्रतिशत छुट्ट्याउनु पर्नेछ।"

१६. **मूल ऐनको दफा ४५ मा संशोधनः** मूल ऐनको दफा ४५ को उपदफा (२) मा रहेका "प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा सेवा आयोगले" को सट्टा "प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्ले" भन्ने शब्दहरू राखिएका छन् ।

१७. **मूल ऐनको दफा ४६ मा संशोधन**: मूल ऐनको दफा ४६ को उपदफा (२) मा "प्रतिष्ठानले" भन्ने शब्द पछि "मन्त्रालयको सहमतिमा" भन्ने शब्दहरू थप गरिएको छ।

१८. **<u>हेटौंडा अस्पताल प्रतिष्ठानको अस्पतालको रुपमा कायम नरहने</u>**: (१) यो अध्यादेश प्रारम्भ हुँदाका बखत प्रतिष्ठान मातहत कायम रहेको साबिकको हेटौँडा अस्पताल यो अध्यादेश प्रारम्भ भएपछि प्रतिष्ठानमा कायम रहने छैन र सो अस्पताल प्रदेश सरकार अन्तर्गत कायम रहनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार अन्तर्गत कायम गरिएको अस्पतालको सञ्चालनको लागि प्रदेश सरकारले प्रचलित कानून बमोजिम आवश्यक व्यवस्था मिलाउनेछ ।

(३) साबिकको हेटौँडा अस्पताल प्रतिष्ठानमा गाभिँदा वा सर्दा सो अस्पतालबाट प्रतिष्ठानमा सरेका कर्मचारी तथा गाभिएका वा सरेको सम्पूर्ण चल तथा अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व उपदफा (२) बमोजिम प्रदेश सरकार अन्तर्गत कायम गरिएको अस्पतालमा सरेको मानिनेछ।"

१९. **<u>खारेजी</u>**: मूल ऐनको दफा ३६ र ४७ खारेज गरिएको छ।

**आज्ञाले,**
**रुद्रसिंह तामाङ**
**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७८।१२।२४



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-